# विपद पश्चातको आँकलन: नाकाबन्दी २०७२

अंक १ - असार २०७३ Volume 1 - June 2016

## पृष्ठभूमि

पछिल्लो एक बर्षभन्दा बढी समयदेखि नेपालको अर्थतन्त्रलाई एकपछि अर्को धेरै चुनौतिहरुले न्याँकेका छन्, जसले गर्दा अर्थतन्त्र कठिन अवस्थाबाट गुज्रिरहेको छ। भुकम्पले झण्डै ९ हजार मानिसको ज्यान लियो भने २२ हजारभन्दा धेरै घाईते भए, जसले अनुमानित ७ अर्ब अमेरिकी डलर बराबरको आर्थिक नोक्सान भयो भने ७ लाख मानिसहरु गरिबीको रेखामुनी धकेलिने अनुमान गरिएको छ। त्यसैगरी, भुकम्पको केही महिनापछि तराई मधेश क्षेत्रमा भएका संविधानसँग सम्बन्धित आन्दोलनहरुको कारण नाकाबन्दीको अवस्था सृजना भयो, जसले नेपालको अर्थतन्त्र र समग्रमा सिंगो समाजमानै ठुलो धक्का दियो।

व्यापार नाकाबन्दी जारी रहेसँगै हाम्रो भूपरिवेष्ठित देशमा अत्यावश्यक आपूर्तिहरु झण्डै ठप्पै भए। नाकाबन्दीको नतिजास्वरुप निम्तिएको इन्धन संकटले अर्थतन्त्रका सबै क्षेत्रहरुमा आफ्नो प्राभाव पाया। एकातर्फ अत्यावश्यक आयातहरु जस्तै औषधी तथा इन्धन देशभित्र प्रवेश गर्न दिइएन भने अर्कोतर्फ इन्धनको भयावह संकटले अर्थतन्त्रको उत्पादन, वितरण तथा उपभोग प्रकृयालाई नकारात्मक असर पुर्यायो ।

नाकाबन्दीको तात्कालिन प्रभाव स्पष्ट थियो र मिडियाहरुमा पनि चौतर्फी रुपमा रिपोर्टिंग भयो। नाकाबन्दीले पार्ने दीर्घकालिन प्रभाव धेरै नै जटील र प्रतिकुल हुनसक्छ । त्यसकारण यो अध्ययनले अर्थतन्त्रका महत्वपुर्ण क्षेत्रहरुमा पारेको प्रभावको गहिराई र फैलावट बुझ्ने उदेश्य राखेको छ। नतिजाहरुको आधारमा यो अध्ययनले भविष्यमा अर्थतन्त्रमा पर्न सक्ने यस्तै खालका धक्काहरुको सामना गर्न उपयुक्त हुने उपायहरु समेत सुझाएको छ।

नेपालको जनसंख्याको ठुलो हिस्साको मुख्य आधारको रुपमा रहेको कृषि क्षेत्र यो आर्थिक बर्षमा खस्किँदो अवस्थामा रहेको छ र कृषिमा निर्भर दशौं लाखको आम्दानी र जिवीका ओरालो लाग्दै छ।

अध्ययनको क्रममा देशको विभिन्न भागमा गरिएको स्थलगत भ्रमणमा कृषक र कृषि मजदुरसँग गरिएको अन्तरक्रियाले उनीहरुमा असन्तुष्टि र अप्रसन्नता रहेको उजागर भयो। यस्तो असन्तुष्टि र अप्रसन्नता राज्यप्रति निराशा र रिसको भावनाले भरिएका थिए । यो बर्ष कृषकहरुले भोगेका समस्याहरुले यसप्रकारको निराशाको भावना देखिनेगरी बढाएको छ।

### दोहोरो निराशा

कृषि क्षेत्रले बिगत एकबर्षमा भोगेका चुनौतीहरु दुइखाले थिए। एकातर्फ औसतभन्दा कम बर्षातले गर्दा अर्थतन्त्र दवावमा रह्यो र बृहतअर्थशास्त्रीय दवाब बढ्यो भने अर्कोतर्फ इन्धन र रसायनिक मलको अभाव बढाउने गरी १३५ दिनसम्म चलेको नाकाबन्दीले देशका हजारौं किसानहरुका साथ-साथै दशौं लाख अन्य व्यक्तिहरुको जिवीका असफलतातर्फ धकेलिदियो। यसका साथै जाडोयाममा भएको कम बर्षा र देशका विभिन्न भागमा भएको खडेरी (सुख्खापन) ले कृषि गतिविधिहरुमा थप धक्का पुग्यो ।

नाकाबन्दीले निम्त्याएको आपूर्ति समस्याले कृषि क्षेत्रलाई धेरै हिसाबले असर पुर्यायो। यो अवधिमा नेपाल र भारतबीचको व्यापारमा व्यवधान आएकोले औपचारिक रुपमा रसायनिक मलको आपूर्ति घट्यो। रसायनिक मल कालोबजारबाट उच्च मुल्यमा किन्न पर्दा कृषकको कमाईमा नकारात्मक असर पर्यो । यसैगरी, इन्धन अभावका कारण देशमा भण्डारणमा रहेका र अनौपचारिक रुपमा आपुर्ति भएका मलखाद समेत देशका विभिन्न भागमा ओसारपसार हुन सकेन।

तुलनात्मक रुपमा रसायनिक मल सहजरुपमा उपलब्ध हुने तराई–मधेश क्षेत्रमा समेत रसायनिक मलको आपूर्तिमा भएको ढीलाई र कालोबजारमा त्यसको उच्च मुल्य मुख्य

चित्र १: आ.व. २०७२-७३ को मन्सुनमा आएको गिरावट



मुद्दाका रुपमा रह्यो । पहाडी जिल्लाहरुमा भने कालोबाजारमा समेत मलको उपलब्धता कठिन थियो किनभने इन्धन अभावले गर्दा मलको ओसारपसार नै हुनसकेको थिएन ।

धान रोप्न तयारीका लागि सिँचाइका लागि पानी तान्ने पम्पको उपयोग हुने खेतहरुमा लोडसेडिंगको समयमा डिजल जेनेरेटरहरुको प्रयोग गरिन्छ । यद्यपी, इन्धनको अभाव र कालोबजारमा इन्धनको उच्च दरले गर्दा कित रोप्नको लागि खेतहरुमा पर्याप्त सिँचाई भएन वा अधिक मुल्यमा मात्र सिँचाई सम्भव भयो ।

## बजार पहुँचमा अवरोध

इन्धन अभावका कारण तरकारी, फलफुल र पशुपंक्षीहरुजस्ता कृषि उत्पादनहरु बजार केन्द्रसम्म सहजै ढुवानी गर्न सकिएन । र खेती भित्र्याउने समयमा यो समस्या झनै जटील भयो। डिजेलको अभावका कारण खेती भित्र्याउन तथा भित्र्याईएको उत्पादनलाई बजार केन्द्रसम्म ओसारपसार गर्न अत्यधिक महंगो भयो ।

> रासायनिक मल र इन्धनको अभावसँगै कालो बाजारीको मुल्यले खासगरी कम आय भएका किसानलाई असर गर्दछ। यो बुझ्न जरुरी छ की यी कृषकरु भनेका गरिबीको उल्झनमा फस्नसक्ने जोखिममा रहेकाहरु हुन् ।

आन्दोलनको केन्द्रका आसपासमा उत्पादनहरु लाई बजार केन्द्रसम्म ढुवानी गर्दा यातायात साधनहरुमा तोडफोड हुने जोखिम पनि बजार पहुँचलाई नियन्त्रण गर्न जिम्मेवार कारण बन्न पुग्यो ।

## गुमेको सम्पति

नाकाबन्दीले कृषि क्षेत्रमा पारेको प्रभावको प्रष्ट असर देशको दुइ मुख्य अन्नबाली धान र गहुँमा देखियो। कुल अन्नबाली उत्पादनमा धानको मात्र ५३ प्रतिशत हिस्सा रहेको छ भने गहुँको १९.५ प्रतिशत रहेको छ ।[1] यी अन्नहरुको उत्पादनमा देखिनेगरी ह्रास आउनु को अर्थ भनेको मौद्रिक मुल्यको घाटा पनि उत्तिकै हुनसक्छ (त्यो भन्दा धेरै पनि हुनसक्छ)।

धानको उत्पादन १०.२२[2] प्रतिशतले कमी आउने र गहुँको उत्पादनमा ६ देखि २०.५ प्रतिशतसम्म ह्रास आउने अनुमान गरिएको छ।

यी तथ्यांकहरुलाई विचार गर्दा, मोटामोटी हिसाबले चित्र १ मा देखाए बमोजिम यदी गहुँको उत्पादनमा ६ प्रतिशत घटेमा धान र गहुँको संयुक्त रुपमा गुमेको उत्पादनको मुल्य रु १३.५ अर्ब (१३१.८ मिलियन अमेरिकी डलर) हुन आउँछ । यसलाई सहज रुपमा बुझ्दा, यो अंक भनेको आर्थिक बर्ष २०७२–७३ मा कृषि विकासको लागि छुट्याईएको बजेटको ५० प्रतिशतभन्दा बढी हुन आउँछ ।

अझै खराब अवस्थामा गहुँको उत्पादन २०.५ प्रतिशतले घटेमा गहुँ र धानको गुमेको उत्पादनको मुल्य रु १९.२ अर्ब (१८६.५ मिलियन अमेरिकी डलर) हुन आउँछ जुन आर्थिक बर्ष २०७२–७३ का लागि छुट्याईएको कुल कृषि विकास बजेटको ७२ प्रतिशत हुन आउँछ ।

## कृषि क्षेत्रमा आएको गिरावटको कारण, परिणाम र प्रभाव

तालिका १ ले यो आर्थिक बर्षमा कृषि क्षेत्रको गिरावटको मुख्य कारणहरु, यस्ता कारणहरुको असरहरु तथा देखिनसक्ने सम्भावित प्रभावहरु लाई प्रकाश पारेको छ ।

चित्र २: धान तथा गहुँ बालीमा गुमेको उत्पादनको रुपैयामा हिसाब



## तालिका १: यो आर्थिक बर्ष कृषि क्षेत्रमा आएको ह्रासको कारण, असर र सम्भावित प्रभावहरु

| कारणहरु | असरहरु | सम्भावित प्रभावहरु |
|---|---|---|
| • भुकम्पका कारण कृषि गतिविधीहरु अवरुद्ध<br>• ढिला तथा कम बर्षात<br>• रोपाईंमा ढीलाई<br>• नाकाबन्दी<br>• कृषि सामग्रीहरुको अभाव<br>• रासायनिक मलको आयातमा कमी<br>• इन्धन अभावको कारण भण्डारणमा रहेका रसायनिक मलहरु देशका विभिन्न ठाउँहरुमा ढुवानी गर्न नसकिनु<br>• लोडसेडिंग तथा डिजलको अभावले जमिनमुनिको पानी तानेर हुने सिचाईमा प्रभाव<br>• प्रदर्शनहरुमा सहभागी भएका कारण कृषि मजदुरहरुको अभाव<br>• इन्धन अभावका कारणले बालि भित्र्याउने तथा भित्र्याएको बालि ढुवानीमा अवरोध<br>• निराशाजनक हिउँदे बर्षा<br>• हिउँदे रोपाईको बेलासम्म पनि इन्धन तथा रासायनिक मलको अभाव कायम रहनु | • देशको कुल कृषि उत्पादनमा २१ प्रतिशत योगदान दिने धानबालिको जमिनको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा ह्रास आउनु<br>• धानबालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व क्रमशः ४.३८ प्रतिशत, १०.२२ प्रतिशत, ६.११ प्रतिशत ऋृणात्मक वृद्धि<br>• गहुंको उत्पादनमा ६ प्रतिशत देखि २०.५ प्रतिशत अनुमानित गिरावट<br>• अर्थ मन्त्रालयले आ.व. २०७२-७३ को आर्थिक सर्वेक्षणमा कृषि क्षेत्रको वृद्धि १.३ प्रतिशत मात्र रहने अनुमान गरेको छ<br>• इन्धनको अभावका कारण कृषि उत्पादनहरु जस्तै तरकारी तथा अन्य बालीहरु बजारक्षेत्र तथा संकलन केन्द्रहरुमा ढुवानी गर्न सकिएन<br>• कृषि मजदुरहरुको अभाव र इन्धन तथा रासायनिक मल कालोबजारमा अति उच्च मुल्यमा किन्नुपरेको कारणले गर्दा बाली उत्पादनको उच्च लागत<br>• नाकाबन्दीका कारण तराई मधेश क्षेत्रको प्रदर्शन हुने स्थानहरुमा जनजीवन प्रभावित भएका कारणले मजदुरहरु रोजगारीको खोजी गर्दै भारत सहित अन्य स्थानहरुमा गए जसले गर्दा यी क्षेत्रहरुमा कृषि मजदुरहरुको अभाव सृजना भयो | • न्युन उत्पादन, न्युन आम्दानी तथा न्युन लगानीको उल्झनको जोखिमले उत्पादनमा ह्रास आउँदा ग्रामीण तथा कृषि ऋृणभारमा वृद्धि<br>• एकातर्फ उत्पादनको उच्च लागत र अर्कोतर्फ भारतबाट सस्तोमा आयातित अन्नबालीसँगको प्रतिस्पर्धाका कारण कृषि आम्दानी संकुचित हुन्छ भने कम उत्पादनका कारण घाटा समेत हुन्छ<br>• खाद्य आयातमा बृद्दिको सम्भावना । नेपाल पहिले नै खुद खाद्य आयात गर्ने देश हो ।<br>• देशका विभिन्न ठाउँहरुमा खाद्य संकटको जोखिम |

## अगाडिको बाटो

नाकाबन्दीले कृषि क्षेत्रमा देशकै खाद्य सुरक्षाको अवस्थालाई चुनौति दिँदै, अत्यधिक मुल्य वृद्धि सृजना र कृषि/ग्रामीण असन्तुष्टिहरुलाई बढावा दिँदै अति प्रभाव पार्यो । यद्यपी यो क्षेत्रले चाहेको लक्षणहरुको मात्र निदान नभई यस क्षेत्रका समस्याहरुका मुल कारकहरुको सम्बोधन हो ।

यस अध्ययन समुहसँग जनकपुरमा कुराकानीका क्रममा डा. सुरेन्द्र लाभले कृषक समुदायहरुमा देखिएका असन्तुष्टिहरुलाई कम गर्न तीन तहका समाधानहरु सुझाए । उनका सुझावहरुः

१. विस्तारित सिँचाई आयोजनाहरुः तराई मधेश क्षेत्र भएर बग्ने कोशी, कमला र नारायणीजस्ता ठुला नदीहरुलाई एकिकृत गर्न सकिन्छ र विस्तारित सिँचाई कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ जसबाट नहरले सिँचाई सुविधा नभएका कृषि जमिनको ठुलो हिस्सा सिँचाई गर्न सकिन्छ । कृषकहरुमा रहेको असन्तुष्टि हटाउन कृषि संबृद्धि महत्वपुर्ण सेफ्टी भल्भ बन्नसक्छ र सिँचाई त्यसको महत्वपूर्ण हिस्सा हो जसले कृषि संबृद्धिलाई मुर्त रुप दिनसक्छ ।

२. हुलाकी मार्गहरुको विस्तारः जीवनस्तरको रुपान्तरणको लागि सडकको अत्यधिक क्षमता हुन्छ । यदी अहिलेको हुलाकी मार्गलाई व्यापक रुपमा स्तरोन्नती तथा विस्तार गर्न सकिएमा सुदृढ सञ्जाल र पहुँचले हुने आर्थिक गतिविधीहरुको बृद्धिका कारण यसको दीर्घकालसम्म सकारात्मक प्रभाव रहन्छ ।

३. बिप्रेक्षण आप्रवाहलाई उत्पादनमुलक क्षेत्रमा उपयोगः हालसम्म नेपालले नेपाली कामदारहरुले विदेशबाट दुख गरेर कमाएको बिप्रेक्षण आम्दानीको उच्चतम फाईदा लिन सकेको छैन र झन्डै अधिकांस रकम उपभोग्य सामग्रीमा खर्च भइरहेको छ । यो रकमलाई कृषि तथा कृषिमा आधारित लघु उधोगहरुमा लगाउन सके यसले सबैलाई फाईदा हुने वातावरण सृजना हुन्छ । यसले देशको आर्थिक गतिविधीहरुलाई बढाउने मद्दत गर्छ ।

नेपालका पुर्वी तराईका जिल्लाहरु जस्तै पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लाहरुलाई केन्द्रित गरेर ल्याउन लागेको सरकारको संबृद्द तराई–मधेश सिचाई विशेष कार्यक्रम योजना स्वागतयोग्य कदम हो ।[3] यद्यपी नेपालको नीति कार्यान्वयनका चुनौतिहरु र

हाल विद्यमान बहुआयामिक प्रकृतिका समस्याहरुका कारणले यसलाई कृषि क्षेत्रमा विद्यमान सबै असन्तुष्टिका चुनौतिहरु समाधानको अचुक उपायको रुपमा मान्न सकिन्न ।

हालै पुर्नोदय भएको अर्को महत्वपुर्ण स्विकारोक्ति देशभित्रै ठुलो स्तरको रासायनिक मल उत्पादन गर्ने उधोगहरुको आवश्यकताको आत्मसात हो । नेपालले प्रत्येक बर्ष अर्बौ रुपैयाको मल आयात गर्दछ जसले बैदेशिक मुद्रा संचितिलाई कम गर्दछ भने व्यापार घाटाको बृद्धि हुन्छ । साथै कृषकहरुलाई रासायनिक मलका लागि सहुलियत पनि प्रदान गरिन्छ। यदी यो स्थानीय तहमा उत्पादन हुँदो हो त आयातमा लाग्ने थप खर्च कम गर्न सकिन्थ्यो र सरकारले सहुलियतमा दिने बचत हुने स्रोत कृषि क्षेत्रको अन्य उत्पादनमुलक तरिकाहरुमा लगाउन सक्थ्यो ।

लगानी बोर्ड नेपालले रासायनिक मल कारखानालाई एउटा सम्भावित बैदेशिक लगानीको क्षेत्रको रुपमा पहिचान गरेको छ र प्रतिबर्ष ५ हजार मेट्रिक टन उत्पादन क्षमता सहित लगभग १.४ अर्ब अमेरिकी डलर सम्भावित लगानीको आँकलन गरेको छ ।[4] यद्यपी पुर्ण रुपमा आत्मनिर्भरता देशभित्रै कच्चा पदार्थहरुको उत्पादन नहुँदासम्म सम्भव रहँदैन ।

उत्पादनको मात्रा र उत्पादकत्वको बृद्धिसँगै कृषि क्षेत्रलाई वातावरणीय एवंम् मानवसृजित बाहृय झट्काहरुको सामाना गर्नसक्ने बनाउन सरकार केन्द्रित हुनुपर्दछ । दिगो विकासको लक्ष्य २ (भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा र उन्नत पोषण प्राप्ति गर्ने र दिगो कृषिको प्रबर्द्धन गर्ने) पुरा गर्न दिगो कृषि अभ्यासहरु आत्मसात गर्दा र वित्तीय सेवाहरु जस्तै कृषि बीमाको पहुँचमा सुधार ल्याउदा यी चुनौतीहरु सम्बोधनमा ठुलो टेवा पुग्नसक्छ ।

विस्तृत प्रतिवेदनको लागि तलका लिंकहरूमा जानुहोस् ।
www.nepaleconomicforum.org
www.asd.org.np

## स्थानीय तहमा उठेका आवाजहरु

मैले यो पालि केही पनि रोप्न सकिँन । कसरी रोप्न सकुँ? यहाँ बर्षा नै भएन र यहाँ मैले खेती गर्ने क्षेत्रमा सिँचाईको सुविधा पनि छैन । यदी अवस्था राम्रो भएको भए मैले तरकारी रोप्न सक्थेँ । अहिले त्यस्तो सम्भावना छैन ।

– बीरेन्द्रनगर सुर्खेतका एक कृषक  (पौष मसान्त २०७२)

यो बर्ष कृषि क्षेत्र नराम्रोसँग प्रभावित भयो । सर्वप्रथम सरकारले रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गर्न सकेन । यसले गर्दा हिउँदे बालिका बिउहरुको रोपाईंमा पहिला नै ढीला भयो । यो बर्षको हालसम्म मैले उत्पादनमा ५० प्रतिशत कमी आईसकेको अनुभव गरेको छु । मैले भारतबाट  रासायनिक मल ल्याउने सोचेको थिएँ तर प्रहरीले समात्यो भने मेरो मल मात्र होइन साईकल समेत जफत गरिदिन्छ । केही मानिसहरु छन् जसले भारतबाट ल्याएको मल उच्च मुल्यमा बेचिरहेका छन् । एक बोरा मलको सामान्य दरभाउ झण्डै १२ सय रुपैंया हो तर उनीहर यसलाई १५ सय देखि २ हजारको हाराहारीमा बेचिरहेका छन् । जोसँग बढी पैसा हालेर किन्न सक्ने क्षमता छ उनीहरुले मात्र कालोबजारबाट किन्न सक्छन् । सबैले त सक्दैनन्!

– गुलरिया, बर्दियाका एक किसान

सीमानामा रासायनिक मलको तस्करी नयाँ कुरा होईन । यो प्रत्येक बर्ष हुन्छ । यो बर्षको समस्या के रह्यो भने जेजति तस्करी नेपालभित्र भयो त्यो पहाडी जिल्लाहरुमा इन्धन अभावका कारणले ढुवानी हुन सकेन ।

– वीरगंजका एक स्थानीयबासी

हामीले अन्नबाली भित्र्याउने समयमा र गहुँको बिउ छर्दा ट्याक्टर भाडामा ल्याउँछौं । सामान्य अवस्थामा ट्याक्टरले प्रतिघण्टा ६ सय रुपैंया भाडा लिन्छ । नाकाबन्दीको बेला र डिजलको अभावको कारणले ट्याक्टरको भाडा बढेर प्रतिघण्टा हजार रुपैंया पुग्यो ।

– काठमाडौंका एक कृषक

कृषकहरु कम उत्पादन कम आम्दानीको दुष्चक्रमा फस्ने सम्भावना धेरै छ । यो समयको कम उत्पादनको अर्थ कम आम्दानी हो जसको अर्थ अर्को मौसममा कम लगानी हो । कम लगानीले कम उत्पादन र यो चक्रलाई निरन्तरता दिने तर्फ डोहोर्याउँछ । यसले दीर्घकालसम्म प्रभाव पार्छ किनकी त्यो चक्र आउँदा बर्षहरुसम्म पनि कायम रहन्छ ।

– डा. सुरेन्द्र लाभ, प्राध्यापक/शोधकर्ता, जनकपुर

1 "Statistical Information on Nepalese Agriculture 2013/2014 (2070/071)", Ministry of Agricultural Development", December 2014, http://www.moad.gov.np/uploads/files/Year%20book%202014.pdf
2 "Preliminary production estimate for some major summer crops Fiscal Year 2072/73", Ministry of Agricultural Development, Mid-November to Mid-December, 2015.
3 "Rs22b irrigation scheme for Tarai-Madhes planned", The Kathmandu Post, April 2, 2016, http://kathmandupost.ekantipur.com/printedition/news/2016-04-02/rs22b-irrigation-scheme-for-tarai-madhes-planned.html
4 "Chemical Fertilizer Plant", Office of the Investment Board, http://ibn.gov.np/project/chemical-fertilizer-plant